प्रतिदिन १७ औं वार्षिकोत्सव

राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY



विज्ञापनको लागि सम्पर्कः
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१७ ।। अङ्क : ३०८ ॥ २०८२ पुष २५ गते शुक्रबार (9th Jan 2026 Friday) **Pratidin** National Daily मूल्य-रु.५/-

# झापाका ९५ वटा मतदान स्थल अति संवेदनशील

झापा, पुष २४ । आगामी फागुन २१ गतेका लागि निर्धारित निर्वाचनमा झापाका २८५ वटा मतदान स्थलमध्ये ९५ वटा अति संवेदनशील रहेका छन् । जिल्लाका २८५ वटा मतदान स्थल र ८१५ वटा मतदान केन्द्रमध्ये ९५ वटा मतदान स्थल अति संवेदनशील , १४७ वटा संवेदनशील र ४३ वटा सामान्य रहेको जिल्ला प्रशासन कार्यालय झापाले जनाएको छ । मतदान केन्द्रलाई हेर्ने हो भने यसअघि निर्धारित ७६६ वटा मतदान केन्द्रमध्ये २७१ वटा अति संवेदनशील , ३९० वटा संवेदनशील र १०५ वटा सामान्य रहेका छन् । यसमा ४९ वटा मतदान केन्द्र थपिएको छ । जसको वर्गीकरण ननिकालिएको सहायक प्रमुख जिल्ला अधिकारी तेजप्रकाश प्रसाईले बताए । निर्वाचन सुरक्षाका लागि झापामा चार हजार ७४८ जना निर्वाचन प्रहरी( म्यादी प्रहरी) परिचालन गरिने भएको छ । प्रमुख जिल्ला अधिकारी शिवराम गेलालका अनुसार नेपाल प्रहरीतर्फ चार हजार २५९ र सशस्त्र प्रहरी बलतर्फ ४८९ जना परिचालन गरिनेछन् । भर्ना प्रक्रिया यसै सातादेखि सुरु गरिने उनले जानकारी दिए ।

निर्वाचन सुरक्षाका लागि निर्वाचन प्रहर ीसँगै नेपाल प्रहरी तथा सशस्त्र प्रहरी बलसमेत परिचालन गरिनेछ । यसैगरी, समानुपातिकतर्फको मतदानका लागि जिल्ला कारागार झापा, कर्मचारी मिलन केन्द्र तथा दमकमा थप एक गरी तीनवटा अस्थायी मतदान केन्द्र स्थापना गरिने जानकारी दिइएको छ ।

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनको तयारी झापामा तीव्र पारिएको छ । निर्वाचन व्यवस्थापन, सुरक्षा व्यवस्था, निर्वाचन आचारसंहिता पालना तथा सरोकारवाला निकायबिच समन्वयलाई प्रभावकारी बनाउँदै जिल्ला प्रशासन कार्यालय झापाले निर्वाचनको औपचारिक तयारी सुरु गरेको हो ।

प्रमुख जिल्ला अधिकारी गेलालले पाँचवटै




निर्वाचन क्षेत्रका लागि छुट्टाछुट्टै निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिने जानकारी दिए । उनका अनुसार मुख्य निर्वाचन अधिकृतको कार्यालय माघ २ गतेदेखि सञ्चालनमा ल्याइनेछ । मुख्य निर्वाचन अधिकृतको कार्यालय तथा झापा निर्वाचन क्षेत्र नम्बर ३ को निर्वाचन अधिकृतको कार्यालय भद्रपुरस्थित जिल्ला समन्वय समितिको भवनमा रहनेछ ।

झापा निर्वाचन क्षेत्र नम्बर १ का लागि मेचीनगर नगरपालिका कार्यालय, क्षेत्र नम्बर २ का लागि अर्जुनधारा नगरपालिकाको कार्यालय, क्षेत्र नम्बर ४ का लागि कन्काई नगरपालिकास्थित अतिथि सदन भवन र क्षेत्र नम्बर ५ का लागि दमकस्थित अर्ग्यानिक कृषि भवनमा निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिने प्रमुख जिल्ला अधिकारी गेलालले जानकारी दिए ।

निर्वाचन अधिकृतका कार्यालय सञ्चालनका लागि आवश्यक फर्निचर, विद्युत्, खानेपानी तथा इन्टरनेट सुविधाको व्यवस्थापनमा सम्बन्धित स्थानीय तहले सहकार्य गर्ने निर्णय गरिएको छ । साथै निर्वाचन अवधिभर निर्बाध विद्युत् आपूर्ति सुनिश्चित गर्न नेपाल विद्युत् प्राधिकरणलाई अनुरोध गर्ने निर्णयसमेत गरिएको छ ।

बैठकले निर्वाचनलाई स्वच्छ, निष्पक्ष, भयरहित र विश्वसनीय बनाउन राजनीतिक दल, उम्मेदवार, सार्वजनिक निकायका पदाधिकारी तथा कर्मचारी, सञ्चारमाध्यम र सञ्चारकर्मीलगायत सबै सरोकारवालाले निर्वाचन आचारसंहिता-२०८२ को पूर्ण पालना गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् । निर्वाचन कार्यालय झापाले राजनीतिक दल तथा सरोकारवालालाई निर्वाचन प्रक्रिया र कार्यतालिकाबारे जानकारी गराएको छ ।

जिल्ला निर्वाचन कार्यालय झापाका प्रमुख तुलसी नेपालका अनुसार माघ ६ गते उम्मेदवारको मनोनयन दर्ता तथा सोही दिन मनोनयन दर्ता भएका उम्मेदवारको सूची प्रकाशन गरिनेछ । माघ ७ गते उम्मेदवारविरुद्ध उजुरी दिने, माघ ७ र ८ गते उजुरी तथा मनोनयनपत्रमाथि जाँचबुझ गरी निर्णय गर्ने, माघ ८ गते उम्मेदवारको नाम फिर्ता लिने तथा माघ ९ गते उम्मेदवारको अन्तिम नामावली प्रकाशन गरी निर्वाचन चिह्न प्रदान गरिनेछ ।

झापाका पाँचवटै निर्वाचन क्षेत्रका लागि निर्वाचन अधिकृत तोकिएका छन् । प्रमुख जिल्ला अधिकारी गेलालका अनुसार मुख्य निर्वाचन अधिकृतको जिम्मेवारी जिल्ला न्यायाधीश उमेशप्रसाद लुइँटेललाई दिइएको छ । उनले झापा निर्वाचन क्षेत्र नम्बर ३ को निर्वाचन अधिकृतको जिम्मेवारीसमेत सम्हाल्नेछन् । त्यसैगरी झापा निर्वाचन क्षेत्र नम्बर १ का लागि गोसप विश्वकर्मा, क्षेत्र नम्बर २ का लागि महेशप्रसाद खत्री, क्षेत्र नम्बर ४ का लागि भीमप्रसाद भुर्तेल र क्षेत्र नम्बर ५ का लागि विदुरकुमार कार्कीलाई निर्वाचन अधिकृत तोकिएको छ । निर्वाचन अधिकृत तथा कार्यालय तोकिसकिएकाले माघ २ गतेदेखि औपचारिक रूपमा निर्वाचन कार्यालय सञ्चालनमा ल्याइने प्रमुख जिल्ला अधिकारी गेलालले बताए ।

# प्याब्सन झापाको स्थापना दिवसमा सम्मान


झापा । निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन नेपाल (प्याब्सन) झापाले आफ्नो ३५ औं स्थापना दिवस विविध कार्यक्रमका साथ भव्यरुपमा मनाएको छ । स्थापना दिवसको अवसरमा आयोजित कार्यक्रममा शिक्षा क्षेत्रमा योगदान पुऱ्याएका शिक्षासेवी, दीर्घकालीन रूपमा सेवा गरेका शिक्षक, शैक्षिक उपलब्धि हासिल गरेका विद्यार्थी तथा पत्रकारलाई सम्मान गरिएको छ । बिर्तामोडमा आयोजित जिल्ला स्तरीय समारोहमा प्रतिस्पर्धात्मक सांस्कृतिक कार्यक्रम, गायन तथा नृत्य प्रतियोगिता सञ्चालन गरिनुका साथै सम्मान गरिएको हो । कार्यक्रममा संस्थागत विद्यालयहरूले जिल्लाको शैक्षिक विकासमा पुऱ्याएको योगदानको समीक्षा र भावी दिशाबारे पनि चर्चा गरिएको थियो ।

संस्थापक प्रिन्सिपल सम्मानतर्फ योगदान र विशिष्टताको आधारमा विराटज्योति अंग्रेजी माध्यमिक विद्यालय बिर्तामोडका गणेशप्रसाद ओली, देवकुल अंग्रेजी माध्यमिक विद्यालय बिर्तामोडका धरणीरस मैनाली र रूपरत्न अंग्रेजी माध्यमिक विद्यालय अर्जुनधाराका प्रभुकुमार श्रेष्ठलाई सम्मान गरिएको छ । त्यस्तै, मरणोपरान्त संस्थापक सम्मानअन्तर्गत टावर टेम्पल अंग्रेजी विद्यालय, बिर्तामोडका संस्थापक प्रिन्सिपल स्वर्गीय नरेशमान धिमाललाई श्रद्धासहित सम्मान प्रदान गरिएको थियो । अविछिन्न कार्यरत शिक्षक सम्मानतर्फ हरिकुल नमूना माध्यमिक विद्यालय, कनकाईका शिक्षक मुक्ति दाहाल पुरस्कृत भए । उत्कृष्ट पालिका सम्मान प्याब्सन अर्जुनधारालाई प्रदान गरिएको छ । पत्रकारिता क्षेत्रबाट पूर्वाञ्चल दैनिकका सह सम्पादक सुरेन्द्र भण्डारी तथा नेपाल पत्रकार महासंघ झापाका उपाध्यक्ष सुब्रत न्यौपाने सम्मानित भएका छन् । यसैगरी, माध्यमिक शिक्षा परीक्षा (एसईई) २०८१ मा ४.०० जीपीए प्राप्त गर्ने विद्यार्थीहरूलाई नगदसहित प्रशंसा-पत्र प्रदान गरी सम्मान गरिएको थियो । सम्मानित हुने विद्यार्थीहरूमा प्रज्ञा एकाडेमी, भद्रपुरकी मिनकुमारी दास, नेशनल मेरीगोल्ड स्कूल, भद्रपुरका प्रनिल सत्याल, बाल्मीकि एजुकेशन

❖ बाँकी पृष्ठ ४ मा

# शिक्षासेवी गणेशप्रसाद खनालको निधन

झापा, पुष २४ । शिक्षासेवी गणेशप्रसाद खनालको निधन भएको छ । गोमेन्द्र बहुमुखी विद्यालय , गोमेन्द्र बिर्ता मोडल इङ्लसलगायतका शैक्षिक प्रतिष्ठानका संस्थापक,समाजसेवी तथा दानवीर खनालको ८५ वर्षको उमेरमा बिहीवार निधन भएको हो । लामो समय नेपाल सरकारको अधिकृतका रुपमा सेवा गरेका खनाल सेवा निवृत्त भएपछि बिर्तामोडमा बसेर शिक्षा क्षेत्रमा समर्पित भएका



थिए । आमाहरु गोमादेवी र बुबा इन्द्रलालका जेठा छोरा खनालको जन्म इलामको साँखेजुङमा वि.स. १९९९ मा भएको थियो । उनकी सानीआमा सैन्यदेवी, छोराबुहारीहरु दीपक-कमला, डा. रुपक-सरु तथा उत्तम-गीता खनाल रहेका छन् । खनालको विवाह बुध भट्टराईसंग वि.सं. २०१७ सालमा भएको थियो ।

उनको पार्थिव शरीरको अन्त्येष्टि शुक्रवार बिहान कनकाई माईमा गरिने पारिवारिक स्रोतले जनाएको छ ।




# पाँच महिनामा मेचीनगरको बजेट २३ प्रतिशत खर्च

**लक्ष्मी उप्रेती**

मेचीनगर । मेचीनगर नगरपालिकाको दोस्रो नगर सभाको आठौँ बैठक बिहीबार सम्पन्न भएको छ । नगरपालिकाको सभाहलमा नगरप्रमुख गोपालचन्द्र बुढाथोकीले बैठकको अध्यक्षता गर्दै कार्यसूची प्रस्तुत गरे । नगर प्रमुख बुढाथोकीले फागुन २१ मा हुने प्रतिनिधि सभाको निर्वाचनलाई मध्यनजर गरेर बैठक शुरू भएको नगर सभा सदस्यहरूलाई जानकारी गराएका थिए ।

भदौ २३ र २४ गतेको प्रदर्शनका कारण नगरपालिकामा पुगेको क्षतिले जनप्रतिनिधि तथा कर्मचारीले उत्साहजनकरूपमा काम गर्न नसकेको बताउँदै सुशासनको अर्थ बुझेर प्रणालीलाई सुधारेर अघि बढ्नुपर्नेमा उनको जोड थियो । योजनालाई तीब्ररूपमा अघि बढाउँदा वा कामलाई गति दिने कुरामा कुनै पनि कारणले अवरोध हुने गतिविधि गर्न नहुने नगर प्रमुख बुढाथोकीले सचेत गराए । 'कार्यान्वयनमा नीतिगत समस्या हुन्छ' नगर प्रमुख बुढाथोकीले भने, 'समयमै संशोधनको प्रक्रिया नआए थुप्रै योजना समयमा सम्पन्न नहुने र अलपत्र हुन्छन्, बीचमा अधुरा र अलपत्र हुने योजना कहिले पनि छान्न हुँदैन ।'

अ.ल्या. गर्ने कामका लागि नीतिगत निर्णय गर्नुपर्ने आजको आवश्यकता औंल्याउँदै भरिसके अ.ल्या. नगरी संशोधन गरेर आगामी वर्षका लागि बजेट विनियोजन गर्नुपर्ने उनको भनाई थियो । नगर प्रमुख बुढाथोकीले सभालाई सम्बोधन गर्दै कार्यसूची पेश गरेका थिए । नगर प्रमुख बुढाथोकीले चालु आर्थिक वर्ष २०८२/८३ को नीतिगत समीक्षा सभासमक्ष पेश गरेका थिए । मेचीनगर नगरपालिकाको आव २०८२/८३ को वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयनमा सवैको सहयोगको अपेक्षासहित नगरप्रमुख बुढाथोकीले चालु आवको बजेट तथा कार्यक्रममाथि पेश भएको संशोधित बजेट स्वीकृतिका लागि सभामा अनुरोधसहित नीतिगत समीक्षा सभासमक्ष पेश




गरेका थिए ।

सुशासन तथा क्षमता विकास, सामाजिक विकास, आर्थिक विकास, वन तथा विपद् व्यवस्थापन, विधेयक र पूर्वाधार तथा शहरी विकासतर्फका नीतिगत समीक्षा नगर प्रमुख बुढाथोकीले सभामा पेश गरे । सुशासन तथा क्षमता विकासतर्फ सेवा प्रवाहसँग सम्बन्धित सफ्टवेयर प्रणाली विकास भइसकेको र भदौं २३ र २४ को प्रदर्शनका क्रममा कम्प्यूटरमा क्षति भएका कारण ढिलो भएको, वडा नम्बर ६ बाट उक्त प्रणाली प्रारम्भ गरिने, परियोजना ब्यवस्थापन प्रणालीका आयोजना बैंक तयार भई कार्यान्वयन भएको, अपाङ्गतामैत्री सहायता कक्ष सञ्चालन गरिएको, खरिद योजना तयार भई स्वीकृत भएको नगर प्रमुख बुढाथोकीले स्पष्ट पारे ।

सामाजिक विकासतर्फ नगरपालिकाको आन्तरिक स्रोतबाट व्यवस्थापन गरेका बाल विकास सहजकर्ता तथा विद्यालय कर्मचारी सेवा निरन्तरता दिइएको, निजी शैक्षिक संस्थासँग शैक्षिक गुणस्तर सुधारका लागि निरन्तर सहकार्य भएको, शिक्षातर्फको विद्यालयमा हस्तान्तरित सम्पूर्ण कार्यक्रम आई इ एम आई एस प्रणालीमार्फत सञ्चालन गर्ने गरी थालनी गरिएको, मेचीनगर आधारभूत अस्पताललाई पूर्वाधार, जनशक्ति औषधि तथा प्रबिधि सेवामा सुदृढीकरण गरी २४ सैं घण्टा अत्यावश्यक सेवा सञ्चालन थालनी गरिएको साथै सवै स्वास्थ्य संस्थामा गुणस्तरीय सेवा प्रदान गर्दै आएको, क्षयरोगमुक्त पालिका घोषणापश्चात् समेत निरन्तर कार्य गर्दै आइरहेको, पूर्ण खोप सुनिश्चितता तथा दिगोपन कार्यक्रम निरन्तर सञ्चालन रहेको, स्वास्थ्य स्वयम्सेविकालाई एकलाख रुपैयाँ सम्मानसहित कार्यक्रम सम्पन्न गरिएको, स्वास्थ्य बीमा कार्यक्रम निरन्तर सञ्चालन भइरहेको, लैङ्गिक विकास तथा सामाजिक समावेशीकरण कार्यक्रम निरन्तर सञ्चालन भइरहेको, लैङ्गिक हिंसाविरुद्ध अभियान सञ्चालन भएको, अपाङ्गमैत्री नगरपालिका निर्माणका लागि प्रदेश सरकार तथा साझेदार संस्थाको संयुक्त सहकार्यमा सञ्चालित कार्यक्रम निरन्तर सञ्चालन भइरहेको र लैङ्गिक हिंसा प्रतिकार्य पहुँचको क्षेत्रमा दातृ निकाय र नेपाल सरकारको साझेदारीमा तोकिएको कार्यक्रमलाई निरन्तर सञ्चालन गरिरहेको नगर प्रमुख बुढाथोकीले जानकारी दिए ।

नगर उपप्रमुख मीना पोखेल उप्रेतीले चालु आर्थिक वर्ष २०८२/८३ को योजना तथा कार्यक्रमको प्रगति प्रतिबेदन सभासमक्ष पेश गरिन् । कुल बजेट एक अर्ब ९० करोड ८५ लाख ७८ हजार पाँच सय ५९ रुपैयाँमध्ये ४४ करोड ४० लाख ६४ हजार पाँच सय १८ रुपैयाँ अर्थात २३ दशमलव २६ प्रतिशत खर्च भएको उपप्रमुख उप्रेतीले प्रस्तुत गरेको वित्तीय प्रगति विवरणमा उल्लेख छ ।

यो अवधिमा योजना तथा पूर्वाधार विकास शाखाले ७५ दशमलव ९४ प्रतिशत, महिला

❖ बाँकी पृष्ठ ४ मा

# विशेष महाधिवेशनमा सहभागी नबन्न कांग्रेस कार्यसम्पादन बैठकको अपिल

काठमाडौं । नेपाली कांग्रेसले विशेष महाधिवेशनको पक्षमा हस्ताक्षर गर्ने महाधिवेशन प्रतिनिधिहरूलाई हस्ताक्षर फिर्ता लिन अनुरोध गर्ने निर्णय गरेको छ।

बिहीबार पार्टी कार्यालय सानेपामा बसेको कार्यसम्पादन समितिको बैठकले पार्टीले नियमित महाधिवेशनको मिति तोकिसकेको अवस्थामा विशेष महाधिवेशनको पक्षमा हस्ताक्षर गर्ने महाधिवेशन प्रतिनिधिहरूलाई हस्ताक्षर फिर्ता लिन अनुरोध गर्ने निर्णय गरेको हो। हस्ताक्षर फिर्ता लिन अनुरोध गर्ने निर्णयप्रति महामन्त्री गगन थापाले असहमति जनाउँदै फरक मत राखेका थिए।

हस्ताक्षर फिर्ता लिन अनुरोध गर्दा पार्टीका कार्यवाहक सभापति पूर्णबहादुर खड्काले राखेको प्रस्तावमा आफूहरूको असहमति रहेको थापाले बताए। आसन्न प्रतिनिधिसभा निर्वाचनअघि पार्टीको नेतृत्व परिवर्तन गर्न विशेष महाधिवेशन आवश्यक रहेको उनले बताए।

उनले विधान अनुसार महाधिवेशन माग गर्नु महाधिवेशन प्रतिनिधिहरूको अधिकार भएकाले यसलाई कसैले रोक्न नसक्ने स्पष्ट पारेका थिए। विधानको पालनाको गर्दा पार्टी विभाजनको हौवा पिटिएको भन्दै उनले आफूहरू कसैले पनि पार्टी विभाजन हुन नदिने उल्लेख गरे।

बैठकपछि कांग्रेस नेता एनपी साउदले कार्यसम्पादन समिति बैठकले विशेष महाधिवेशन भनिएको भेलामा उपस्थित नहुन अनुरोध गर्ने निर्णय गरिएको जानकारी दिए। पदाधिकारीले विशेष महाधिवेशन बोलाउने विधानमा व्यवस्था नरहेकाले देशभरिका केन्द्रदेखि तल्लो तहसम्मका पदाधिकारी महाधिवेशन, महासमिति सदस्य सबैलाई विशेष महाधिवेशन भनिएको भेलामा उपस्थित नहुन अनुरोध गर्ने निर्णय गरिएको उनले बताए।

बैठकले विशेष महाधिवेशन भन्ने भेला रोक्नका लागि अपिल गर्ने निर्णय गरेको उनले बताए।

यसैबीच महामन्त्री थापाले विशेष महाधिवेशनबाट पछि हट्न अस्वीकार गरेका छन्। बिहीबार पार्टी कार्यालयमा भएको कार्यसम्पादन बैठकमा उनले विशेष महाधिवेशन हुने र त्यसमा सभापति शेरबहादुर देउवासहितका




नेताहरू सहभागी बन्नुपर्ने बताए।

उनले बैठकमा कार्यवाहक सभापति पूर्णबहादुर खड्काले विशेष महाधिवेशनको औचित्य समाप्त भइसकेको प्रस्ताव ल्याएको बताए। 'सहमति गर्न सकिने विषय आज थिएन। पार्टी विधानअनुसार नियमित महाधिवेशनको कार्यसूची घोषणा भएपछि विशेष महाधिवेशन आवश्यक छैन भनेर कार्यवाहक सभापतिले भन्नुभयो। यो विधानसम्मत छैन। ठाडै विधानको अपव्याख्या हो भने मैले भनेको छु,' सञ्चारकर्मीसँग उनले भने।

उनले ४० प्रतिशत महाधिवेशन प्रतिनिधिे बोलाएपछि विशेष महाधिवेशन गर्न विधानले बाध्यकारी व्यवस्था गरेको भन्दै विशेष महाधिवेशन फिर्ता नहुने बताए।

उनले बैठकमा सभापति शेरबहादुर देउवालाई पनि विशेष महाधिवेशनमा सहभागी भए अपनत्व लिइदिन आग्रह गरेको बताए। 'पार्टी सभापतिलाई यो कुरा पुऱ्याइदिनुहोला भनेका छौं। विधानसम्मत भएको यो महाधिवेशनमा उहाँ सहभागी बन्नुपर्छ। विशेष महाधिवेशनलाई उहाँले अपनत्व गर्नुपर्छ,' उनले भने।

उनले विशेष महाधिवेशन कांग्रेसमा विग्रह ल्याउने होइन, जनतासँग जोड्नलाई गर्न लागिएको स्पष्ट पारेका थिए।

यसैबीच लुम्बिनी प्रदेशका जिल्लाहरुबाट कांग्रेसको विशेष महाधिवेशनको पक्षमा ६० प्रतिशत बढी महाधिवेशन प्रतिनिधिहरु खुलेका छन्।

प्रदेशका १२ जिल्लामध्ये ९ जिल्ला सभापतिहरु पनि विशेष महाधिवेशनको पक्षमा देखिएका छन्।

कांग्रेस लुम्बिनी प्रदेश सभापति अमरसिंह पुनका अनुसार लुम्बिनीका ५२ निर्वाचन क्षेत्रबाट १ हजार ३ सय ५२ जना महाधिवेशन प्रतिनिधि छन्। त्यसबाहेक विभिन्न भातृ संस्थाहरुबाट झण्डै ५० जना छन्। तीमध्ये झण्डै ८ सय ५० जना विशेष महाधिवेशनको पक्षमा खुलेका छन् । 'दुई दिन अघिसम्म ५६ प्रतिशत थियो, अहिले बढेर ६० प्रतिशत भन्दा बढी पुग्नु भएको छ,' उनले भने, 'त्यो निरन्तर बढिरहेकाले शुक्रबार साँझसम्म ७० प्रतिशत पुग्ने हाम्रो अनुमान छ ।'

पश्चिम नवलपरासी, पाल्पा, गुल्मी, अर्घाखाँची, बाँके, कपिलवस्तु, प्यूठान, रोल्पा र पूर्वी रुकुमका जिल्ला सभापतिले हस्ताक्षर नै गरेर विशेष महाधिवेशनको पक्षमा खुलेको उनले बताए।

लुम्बिनी प्रदेशका जिल्लाहरु मध्ये सबैभन्दा धेरै निर्वाचन क्षेत्र रहेको रूपन्देहीबाट पनि ८० जनाले विशेष महाविधेशनको पक्षमा हस्ताक्षर गरेका थिए । ५ निर्वाचन क्षेत्र रहेको रूपन्देहीमा १ सय ३० जना क्षेत्रबाट र भातृ संस्थाबाट ७ गरी १ सय ३७ जना महाधिवशेन प्रतिनिधि रहेको निर्वाचन क्षेत्र २ का सभापति प्रजापाल गिरीले बताए ।

उनका अनुसार हस्ताक्षर गरेका मध्ये ४ जनाले अहिले नियमित महाधिवेशनको माग गर्दै पहिलाको हस्ताक्षर फिर्ता लिएको र अहिले विशेष महाधिवेशनको पक्षमा खुलेर हस्ताक्षर गर्नेहरु बढेका छन् । 'रूपन्देहीबाट मात्र ९० जना विशेष महाधिवेशनको पक्षमा खुल्ने देखिएको छ,' उनले भने, '४ जनाले हस्ताक्षर फिर्ता लिँदा कांग्रेस बचाउनका लागि विशेष महाधिवेशन जरुरी रहेको बताउने र महाधिवेशनका लागि काठमाडौं जानेहरु बढिरहनुभएको छ ।'

रूपन्देहीबाट पहिला विशेष महाधिवेशनको पक्षमा हस्ताक्षर गरेका मध्ये हरिबहादुर क्षेत्री, नारायण पुन, सन्तराम चौधरी र चिरञ्जीवी पौडेलले फिर्ता लिएको उनले बताए।

विशेष महाधिवेशनको पक्षमा नखुलेका बर्दिया, दाङ र रूपन्देहीबाट महाधिवेशनमा सहभागिता धेरै गराउन विशेष महाधिवेशन पक्षधरहरुले प्रयास जारी राखेका छन्।

लुम्बिनी प्रदेशसभा सदस्य एवं कांग्रेस लुम्बिनीकी सहमहामन्त्री निमा गिरीले सभापतिहरु नखुलेका जिल्ला दाङ, बर्दिया र रूपन्देहीबाट विशेष महाधिवेशनको पक्षमा बहुमत प्रतिनिधि आउने बताइन् । 'जिल्लाको आन्तरिक समस्याका कारण पहिला हस्ताक्षर नगरेको भए पनि अहिले विशेष महाधिवेशन जरुरी भन्दै काठमाडौं आउनेहरु बढिरहनुभएको छ,' उनले भनिन्, 'लुम्बिनी प्रदेशबाट पहिला हस्ताक्षर गरेर १५ जनाले फिर्ता लिँदा विशेष महाधिवेशन माग गरेर अहिले थपिनेहरु ३२ पुगनुभएको छ ।'

कपिलवस्तुबाट वीरेन्द्रप्रसाद कानोडियाले हस्ताक्षर फिर्ता लिएको घोषणा गरेका थिए । तर, कपिलवस्तुबाट संस्थापन पक्षमा खुलेका अभिषेकप्रताप शाह अहिले विशेष महाधिवेशनको पक्षमा खुलेका छन् ।

## प्रेस क्लब भद्रपुरको अध्यक्षमा राजबाबु शंकर

भद्रपुर । प्रेस क्लब भद्रपुरको अध्यक्षमा राजबाबु शंकर सर्वसम्मत चयन भएका छन् ।



क्लबको चौथो अधिवेशनले महासचिव बाहेकका सवै पदमा सर्वसम्मत चयन गरेको हो । समितिको उपाध्यक्षमा रोहित काफ्ले, महासचिवमा २१ मतका साथ भेषराज नेपाल, सचिवमा द्रोण अधिकारी र कोषाध्यक्षमा इशा प्रधान चयन भएका छन् ।

त्यस्तै सदस्यहरूमा लोकबहादुर कुँवर, सन्तोष शर्मा, नितेश सिंह र सुनिता अधिकारी निर्विरोध चयन भएका हुन् ।

पुष १९ गते भद्रपुर नगर प्रमुख गणेश पोखरेलले उद्घाटन गरेको क्लबको चौथो अधिवेशन महासचिव पदको निर्वाचनका कारण ५ दिनपछि परिणाम घोषणा गरिएको हो ।

## घिसिङले सम्हालेका मन्त्रालयहरुको जिम्मेवारी मन्त्री सिन्हा, चौलागाईं र इङ्नामलाई

काठमाडौँ । प्रधानमन्त्री सुशीला कार्कीले तीनवटा मन्त्रालयको जिम्मेवारी सम्हाल्दै आएका कुलमान घिसिङले पदबाट राजीनामा दिएपछि उक्त मन्त्रालयको जिम्मेवारी मौजुदा मन्त्रिपरिषद्का अन्य सदस्यलाई सुम्पेकी छन् ।

प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपति रामचन्द्र पौडेलले अनुमोदन पनि गरेका छन् ।

राष्ट्रपति कार्यालयले बिहीबार जारी गरेको विज्ञप्तिअनुसार ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयको कार्यभार समेत उद्योग, वाणिज्य तथा आपूर्ति; कानुन, न्याय तथा संसदीय मामिला एवम् संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्री अनिलकुमार सिन्हाले सम्हाल्ने छन् ।



त्यस्तै भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको कार्यभारसमेत वन तथावातावरणमन्त्री माधवप्रसाद चौलागाईंले र सहरी विकास मन्त्रालयको कार्यभारसमेत भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री कुमार इङ्नामले सम्हाल्ने छन् ।

प्रधानमन्त्रीले उनीहरुलाई जिम्मेवारी तोकेको राष्ट्रपतिले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

### प्याब्सन..

फाउण्डेशन, बिर्तामोडका हृदयप्रसाद शिवाकोटी र अंकित कटुवाल रहेका छन् ।

त्यस्तै माउन्ट एभरेष्ट विद्यालय, गौरादहका अर्पण रोय र जेनिस कोइराला, इमिनेन्ट कञ्चनजंघा स्कूल, गौरादहका कुशल लिम्बू, हेमन्त राजवंशी र मुना पाण्डे, नमूना अंग्रेजी विद्यालय, गौरादहकी सुमेधा कोइराला र अलिसा सापकोटा सम्मानित भए ।

पारिजात अंग्रेजी माध्यमिक विद्यालयकी नम्सा लिम्बू थलाङ, ज्ञानकुञ्ज एकाडेमीका सागर राउत तथा ज्ञानोदय आवासीय माध्यमिक विद्यालय, गौरीगञ्जकी सलिना कार्कीलाई पनि उत्कृष्ट शैक्षिक उपलब्धिका लागि सम्मान गरिएको थियो ।

कार्यक्रममा प्याब्सनका वरिष्ठ सल्लाहकार टिकाराम पुरी प्रमुख अतिथि रहेका थिए । प्याब्सन झापाका अध्यक्ष छत्रबहादुर कार्कीसहित प्रमुख अतिथि पुरीले सम्मानित व्यक्तिहरूलाई सम्मान-पत्र प्रदान गरे ।

प्याब्सन झापाका वरिष्ठ उपाध्यक्ष तथा कार्यक्रम संयोजक हरिकृष्ण पाठकले स्वागत मन्तव्य राखेको कार्यक्रममा शिक्षा विकास तथा समन्वय इकाई झापाका प्रमुख कुमार बस्नेत, बिर्तामोड नगरपालिका शिक्षा शाखा प्रमुख तिलचन भण्डारीलगायत शिक्षासेवीहरूले शुभकामना मन्तव्य राखेका थिए ।

उनीहरूले संस्थागत विद्यालयहरूले शिक्षाको गुणस्तर अभिवृद्धिमा खेलेको भूमिकाको प्रशंसा गरेका थिए ।

प्याब्सन झापाका सचिव लक्ष्मीप्रसाद उप्रेतीले सञ्चालन गरेको कार्यक्रममा जिल्लास्तरीय सामूहिक सांस्कृतिक नृत्य, एकल शास्त्रीय नृत्य, विभिन्न वर्गका गायन प्रतियोगिता समावेश गरिएको थियो । कक्षा ११ र १२ का विद्यार्थीहरूको विशेष गायन प्रस्तुति तथा १२ वर्षमुनि र १२ वर्षमाथिका प्रतियोगीहरूको प्रस्तुतीले कार्यक्रमलाई थप आकर्षक बनाएको थियो ।

### पाँच...

तथा बालबालिका शाखाले ६६ दशमलव ६७ प्रतिशत, कृषि विकास शाखाले ५५ प्रतिशत, सूचना प्रविधि शाखाले ७५ प्रतिशत, प्रशासन शाखाले ८० प्रतिशत, पशु सेवा शाखाले ५९ दशमलव २६ प्रतिशत, शिक्षा युवा तथा खेलकुद शाखाले १०० प्रतिशत, स्वास्थ्य शाखाले ५३ दशमलव ८५ प्रतिशत,न्यायिक समितिले २० प्रतिशत, सामी परियोजनाले ६६ दशमलव ६७ प्रतिशत, राजस्व शाखाले ३३ दशमलव ३३ प्रतिशत, वन वातावरण तथा विपद् व्यवस्थापनले ३५ दशमलव २९ प्रतिशत, रेमी परियोजनाले ३३ दशमलव ३३ प्रतिशत र सामाजिक शाखाले २२ दशमलव २२ प्रतिशत प्रगति गरेको शाखागत योजना तथा कार्यक्रमको प्रगति विवरणमा उल्लेख छ ।

उपप्रमुख उप्रेतीले योजना तथा कार्यक्रमको वडागत प्रगति विवरण समेत प्रस्तुत गरिन् । वडा नम्बर १ का कुल २२ वटा स्वीकृत योजना भएको र १६ वटा योजना प्रक्रिया शुरू अवस्थामा रहँदा ७२ दशमलव ७३ प्रतिशत प्रगति हासिल गरेको उपप्रमुख उप्रेतीले जानकारी दिइन् । यसैगरी, वडा नम्बर २ का कुल १९ स्वीकृत योजनाहरूमध्ये ६ वटा प्रक्रियाको चरणमा रहेको र प्रतिशत प्रगति ३१ दशमलव ५८ प्रतिशत, वडा नम्बर ३ मा ३३ वटा स्वीकृत योजना ३३ वटा प्रक्रियाको चरणमा रहँदा शतप्रतिशत प्रगति हासिल गरेको प्रस्तुत प्रगति विवरणमा उल्लेख छ ।

वडा नम्बर ४ मा स्वीकृत योजना ४७ रहेपनि १७ वटामात्र प्रक्रिया शुरू भएर ३६ दशमलव १७ प्रतिशत प्रगति, वडा नम्बर ५ का कुल स्वीकृत ३८ वटा योजनामध्ये १५ वटाको प्रक्रिया शुरू भएको र ३९ दशमलव ४७ प्रतिशत प्रगति, वडा नम्बर ६ का कुल ४६ वटा योजनामध्ये १७ वटाको प्रक्रिया शुरू भएर ३६ दशमलव ९६ प्रतिशत प्रगति, वडा नम्वर ७ को ५० वटा योजनामध्ये २७ वटा प्रक्रिया शुरू भएकाले ५४ प्रतिशत प्रगति हासिल गरेको वडागत प्रगति विवरणमा उल्लेख छ ।

वडा नम्बर ८ का कुल ४७ वटा स्वीकृत योजनाहरूमध्ये २२ वटा प्रक्रिया शुरू भएर ४६ दशमलव ८१ प्रतिशत प्रगति, वडा नम्बर ९ को कुल ५८ वटा मध्ये २८ वटाको प्रक्रिया शुरू भएर ४८ दशमलव २८ प्रतिशत प्रगति, वडा नम्बर १० को कुल ४९ वटामध्ये २५ वटा योजनाको प्रक्रिया शुरू भएर ५१ दशमलव शून्य २ प्रतिशत प्रगति, वडा नम्बर ११ को ५३ मध्ये १५ वटा प्रक्रियाको चरणमा रहेर २८ दशमलव ३० प्रतिशत प्रगति , वडा नम्बर १२ का कुल १७ वटामध्ये १२ वटा प्रक्रिया शुरू भएर ७० प्रतिशत ५९ प्रगति, वडा नम्बर १३ का ५९ वटा योजनामध्ये ८ वटा योजना प्रक्रिया शुरू गरेर १३ दशमलव ५६ प्रतिशत र वडा नम्बर १५ को कुल ४४ वटा स्वीकृत योजनाहरूमध्ये ३० वटा प्रक्रिया शुरू भएको र ६८ दशमलव १८ प्रतिशत प्रगति हासिल गरेको उपप्रमुख उप्रेतीले प्रस्तुत गरेको वडागत प्रगति विवरणमा उल्लेख छ ।

सभामा सहजीकरण गर्दै प्रमुख प्रशासकीय अधिकृत अग्निप्रसाद अधिकारीले जेनजी आन्दोलनपछि अन्य पालिकामा संयुक्त वडाबाट काम भइरहेको तर मेचीनगरमा सबै वडाबाट सेवा प्रदान गरिरहेको जानकारी दिए । उनले कर्मचारी व्यवस्थापनका लागि अब बैशाखदेखि लोकसेवा आयोगबाट नियुक्त भएर फ्रेस कर्मचारीहरु आउने बताउँदै ज्यालादारी, करारका अस्थायी कर्मचारीहरु स्वतः हट्नु पर्ने स्पष्ट पारे ।

नगरसभा सदस्य एवम् मेचीनगर नगरपालिका वडा नम्बर ८ का वडाध्यक्ष गिरिराज धमला, नगर सभा सदस्य एवम् वडा नम्बर २ का वडा सदस्य हरिनारायण न्यौपाने, नगर सभा सदस्य तथा वडा नम्बर ११ का वडा सदस्य रञ्जिता नेपालीले सुझावसहित आ-आफ्नो धारणा प्रस्तुत गरेका थिए ।

बिर्तामोड नगरपालिका
५ नं वडा कार्यालय
जग्गा खाली गर्ने वारे सूचना
प्रकाशित मिति २०८२ - ०९ - २५
बिर्तामोड नगरपालिका वडा नं ५ वडा बस्ने चन्द्रप्रकाश मैनालीले मिति २०८२ ।०६ ।२४ गतेका दिन यस कार्यालयमा पेस गरेको माग निवेदन अनुसार बिर्तामोड नगरपालिका वडा नं ५ स्थित चन्द्रप्रकाश मैनाली र मेदनीप्रसाद मैनालीको संयुक्त नाममा दर्ता कायम रहेको साविक अनारमनी ३ हाल बितामोड ५ मा रहेको कि.नं.१७५१ को ज.बि.११५२.००वर्गमिटर जग्गामध्ये पश्चिमतर्फवाट जम्मा ०-३-० जग्गामा न्यू बिर्तामोड काष्ठ फर्निचर उद्योग संचालन गर्नका लागि मिति २०७३ ।०८।२० गतेका दिन बार्षिक भाडा रु. ३०००० (तीस हजार)को दरले सम्झौता भई संचालन भएको उक्त उद्योगका प्रोप्राईटर लालबहादुर गोदार मिति २०७८ सालबाट जग्गाको भाडा नतिरी सम्पर्कबिहीन हुनु भएको हुँदा यो सूचना प्रकाशित भएको मितिबाट १५ दिनभित्र सम्पर्कमा आई जग्गाधनीलाई हरहिसाब गरी भुक्तानी गरि जग्गा खाली गरिदिनु होला ।यदि सम्पर्कमा नआएमा कानून बमोजिम भईजाने कुरा अवगत गराईन्छ ।
बिर्तामोड नगरपालिका ५ नं वडा कार्यालय, झापा

कुक आवश्यकता
भारत सिलिगुडीको एक रेस्टुरेन्टका लागि २ जना कुकको आवश्यकता परेकाले इच्छुकले तुरुन्त सम्पर्क राख्नु होला ।
सम्पर्क
९८५२६४०४०५ (9852640405)

शिवसताक्षी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
व्याङडाँडा ,झापा
जनहितमा जारी सूचना
चिसो मौसममा सुरक्षित रहौं :
१.तातो तथा न्यानो कपडा लगाऔं,
२.तातो, पोषिलो र झोलिलो खानेकुरा खाऔं,
३. घर तथा कोठा न्यानो बनाऔं,
४. बालबालिका र वृद्धहरूलाई चिसोबाट जोगाऔं,
५ न्यानो सिरक ओढेर सुत्ने गरौं
६. जाडो मौसममा घाम तथा आगो ताप्ने गरौं
७. चिसोमा हिँडडुल (मर्निङ वाक) नगरौं
८. कुनै समस्या देखिए तुरुन्त स्वास्थ्य संस्थामा सम्पर्क राखौं ।
सावधानी अपनाऔं, स्वस्थ रहौं ।

डाक्टर आउने बारे सूचना
आश्विन बाथ सेन्टरमा डा. टंकप्रसाद बाराकोटीको अब दैनिक सेवा उपलब्ध छ ।
डा. टंकप्रसाद बाराकोटी
नवजात शिशु तथा वरिष्ठ बाल रोग विशेषज्ञ
NMC –2356
प्रत्येक दिन दिउँसो १२ बजेदेखि २ बजेसम्म
सम्पर्क– ०२३५३०५४५,९८६२६७०८५०
शनिश्चरे रोड , बिर्तामोड

झापा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
टाँघनडुब्बा, झापा
शितलहर सम्बन्धी सतर्कता अपनाउने सम्बन्धी सूचना
प्रस्तुत विषयमा हाल देशैभरी बढिरहेको शितलहर तथा चिसोका कारण जनजीवन प्रभावित भइरहेको र झापा गाउँपालिकामा समेत प्रभाव बढिरहेकोले जाडो र चिसोबाट बच्न तपशिल बमोजिमका सावधानी अपनाउन झापा गाउँपालिकाबासीमा हार्दिक अनुरोध गरिन्छ।
१. अत्यावश्यक काम बाहेक बिहान र रातको समयमा बाहिर ननिस्कनुहोस् ।
२. न्यानो लुगा, टोपी, मोजा र कम्बल प्रयोग गर्नुहोस् ।
३. बालबालिका, ज्येष्ठ नागरिक, गर्भवती महिला तथा दीर्घरोगीहरूलाई विशेष ध्यान दिनुहोस् ।
४. चिसो बढ्ने समयमा तातो खाना र तातो पेय पदार्थ सेवन गर्नुहोस् ।
५. खुला ठाउँमा बस्ने, असहाय तथा विपन्न व्यक्तिहरूलाई न्यानो कपडा तथा सुरक्षित आश्रयको व्यवस्था गर्न आवश्यक सहयोग एवम् सहजीकरण गर्नुहोस् ।
६. चिसोका कारण ज्वरो, खोकी, सास फेर्न गाह्रो जस्ता समस्या देखिएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुहोस् ।
७. आगो बाल्दा वा हिटर प्रयोग गर्दा आगलागी र ग्यास चुहावटप्रति सचेत रहनुहोस् ।
साथै कुनै घटना भए वा थप जानकारीका लागि झापा गाउँपालिका विपद् व्यवस्थापन शाखा, वडा कार्यालय, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल वि.ओ.पी कुमरखोद तथा पुरानो शरणामतीमा सम्पर्क राख्न सक्नु हुनेछ ।
जनार्दन निरौला
प्रमुख प्रशासकीय अधिकत

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# विमान दुर्घटनाको सही छानबिन होस्

५१ जना यात्रु र ४ जना चालक दलका सदस्यहरुको झन्डै ज्यान गएको भद्रपुर विमानस्थलको बुद्ध एयरको विमान दुर्घटनाबारे छानविन शुरु भएको छ। भद्रपुर विमानस्थलमा अवतरणका क्रममा पुष १८ गते दुर्घटनामा परेको बुद्ध एयरको एटीआर विमानको छानबिन गर्न दुई वटा छुट्टाछुट्टै छानबिन समिति गठन गरिएको छ।

संस्कृति, पर्यटन तथा नागरिक उड्यन मन्त्रालयका सूचना अधिकारी गोकर्णप्रसाद उपाध्यायका अनुसार सोमबार बसेको मन्त्रिपरिषद् बैठकको निर्णयअनुसार समिट एयरमा कार्यरत वरिष्ठ क्याप्टेन विनोद पुरीलाई अनुसन्धानकर्ताका रूपमा नियुक्त गर्दै मन्त्रालयस्तरीय छानबिन समिति गठन गरेको हो। गैरसैनिक हवाई उडान नियमावली, २०७१ अनुसार क्याप्टेन पुरीले आवश्यकताअनुसार विषयगत विज्ञहरू समेटी दुर्घटनाको अनुसन्धान गर्नेछन्।

गैरसैनिक हवाई उडान नियमावलीमा रहेको दुर्घटना छानबिनसम्बन्धी व्यवस्थाअनुसार क्याप्टेन पुरीको नेतृत्वमा गठित आयोगले भद्रपुरमा भएको उक्त दुर्घटनाको विस्तृत छानबिन गरी सरकारलाई प्रतिवेदन बुझाउनुपर्नेछ। आयोगले वायुयान, चालकदल, वायुसेवा कम्पनी, सेवाप्रदायक निकाय नेपाल नागरिक उड्यन प्राधिकरण, भद्रपुर विमानस्थल कार्यालयलगायत सबै पक्षको स्वतन्त्र र निष्पक्ष छानबिन गर्नेछ।

यसैबीच, नेपाल नागरिक उड्यन प्राधिकरणले पनि घटनाको बेग्लै छानबिन प्रक्रिया अघि बढाएको छ। सेवाप्रदायक र नियामक दुवै भूमिकामा रहेको प्राधिकरणलाई हवाई घटना तथा दुर्घटनाको छानबिन गर्न नेपाल नागरिक उड्यन प्राधिकरणको नागरिक उड्यन नियमावली, २०५८ अनुसार कानुनी अधिकार छ। उक्त नियमावली अनुसार नागरिक उड्यनसँग सम्बन्धित कुनै पनि घटना वा दुर्घटनाको प्रचलित कानुनबमोजिम हुने छानबिनका अतिरिक्त महानिर्देशकले आफैं पनि उक्त विषयमा छानबिन गर्न सक्ने नियमावलीमा व्यवस्था रहेको छ।

यसै कानुनी प्रावधानअनुसार प्राधिकरणले त्यहाको फ्लाइट सेफ्टी विभागमा एफओआईमा कार्यरत वरिष्ठ क्याप्टेन रूपकुमार सिद्धीको संयोजकत्वमा छानबिन समिति गठन गरेको प्राधिकरणका प्रवक्ता विक्रमराज गौतमले जानकारी दिए। उनका अनुसार समितिमा एएनएसडीका उपनिर्देशक मुकेश दाहाल, फ्लाइट सेफ्टी विभागका उपप्रबन्धक विधान श्रेष्ठ, सेफ्टी म्यानेजमेन्ट डिभिजनका प्रबन्धक लक्ष्मण देवकोटा तथा एरोड्रम सेफ्टीका उपप्रबन्धक योगेश पुडासैनी सदस्य रहेका छन्। समितिले ३५ दिनभित्र प्रतिवेदन निमित्त महानिर्देशक देवचन्द्रलाल कर्णलाई बुझाउनुपर्नेछ।

यसैबीच, बुद्ध एयरले पनि दुर्घटनाको आन्तरिक छानबिन गरिरहेको कम्पनीका एक अधिकारीले बताएका छन्। उक्त उडानमा कुनै मानवीय क्षति नभए पनि प्रारम्भिक अवलोकनका क्रममा विमानको अगाडिको नोज, ककपिट तथा ल्याण्डिङ गियरमा क्षति पुगेको उद्धारकर्मीहरूले जनाएका छन्। दुर्घटनामा संलग्न क्याप्टेन र को–पाइलट दुवैलाई हाल उडान रोस्टरबाट हटाइ ग्राउन्डेड गरिएको छ। दुवै छानबिन समितिले विमानका फ्लाइट डाटा रेकर्डर (एफडीआर) र ककपिट भ्वाइस रेकर्डर (सीभीआर) अध्ययन गर्ने, पाइलट तथा भद्रपुर विमानस्थलको टावरमा कार्यरत एयर ट्राफिक कन्ट्रोल कर्मचारीसँग बयान लिने लगायतका अनुसन्धान कार्य गर्नेछन्। छानविनका लागि गठित समितिले सही र निष्पक्ष छानविन गरोस्। भोलिका दिनमा यस किसिमको दुर्घटना नघटोस्।




# नेपाली युगचेतनाको प्रवर्धन



• यज्ञनाथ दाहाल

इतिहासको खास खास कालखण्डमा देखिने प्रभुत्वशाली सांस्कृतिक, प्राज्ञिक, नैतिक वा सामाजिक अवस्था र परिवेशलाई युगचेतनाका रूपमा परिभाषित गर्न सकिन्छ। यस्तो युगीन परिवेशका विशिष्ठ चरित्र हुन्छन्। साहित्य, दर्शन तथा राजनीतिकशास्त्र जस्ता क्षेत्रमा वर्णित खास अवधिका मानवीय समाजका विद्यमान सामूहिक प्रवृत्ति, मूल्यमान्यता तथा राजनीतिक विचारधारा जस्ता सामूहिक परिवेश युगचेतनाका प्रमुख विशिष्ठ विशेषता हुन्। यस्तो युगचेतनाद्वारा आफ्नो निर्धारित चरित्रका आधारमा विगतको स्वभाव र चरित्र दर्शाए पनि ऐतिहासिक मर्म प्रस्तुत भइरहन्छन्। विश्वव्यापी परिदृश्य गर्ने हो भने सन् १९२० को दशक वरपर 'ज्याज' युग थियो, जसले आशावादिताको सिर्जना, जीवन मुक्ति दर्शनको व्याख्या गर्दै परम्परागत मूल्यमान्यतामाथि प्रश्न उठाएको थियो।

सन् १९६० को दशकतिर आइपुग्दा समाज परिवर्तनका निमित्त स्वतन्त्र प्रेम, प्रगतिशील चिन्तन तथा क्रान्तिकारी उत्साहको युग आएको थियो भनिन्छ। त्यसपछि विजयको युगान्तकारी चेतना फैलियो संसारभर। यो विजयको युगलाई कठोर सामाजिक चरित्र निर्माण, कठिन परिश्रम एवं औद्योगिक उन्नयन र प्रगतिमा अविस्मरणीय विश्वास रहेको युगको रूपमा चित्रित गरिन्छ। समकालीन एक्काइसौँ शताब्दीको युगचेतना भनेको डिजिटल अत्यावश्यकतामा अत्यधिक चासो र जोड, सामाजिक न्यायप्रति बृहत्तर ध्यानाकर्षण र कार्यान्वयनउपर चासो तथा जलवायु परिवर्तनद्वारा सिर्जित जोखिम र विपत्तिमा विश्वव्यापी संलग्नता र सक्रियता रहेका छन्।

### नेपाली युगचेतना

नेपाली परिवेशको अहिलेको युगचेतना भनेको सबल उत्तरदायित्व, प्रभावकारी पारदर्शिता र सुनौलो आर्थिक अवसरको उपस्थिति अत्यधिक मागको युग हो। राजनीतिक भ्रष्टीकरण तथा अस्थिरता, प्रशासनिक ढिलासुस्ती, गतिहीनता र सुस्तताद्वारा वाक्कदिक्क भएका नेपाली समुदाय खास गरी नवयुवा समूह यो बेथिति र विकृतिलाई अस्विकार्दै जवाफदेहिता, जिम्मेवारिता र नतिजामुखी आर्थिक उन्नयनको दिशामा आन्दोलित र अभियानित देखिन्छन्। नेपाली जनसमुदाय वर्तमानको गतिहीनता, किंकर्तव्यमूढता, यथास्थितिवादिता र सामाजिक द्वन्द्व एवं अस्थिरतालाई तोड्दै अगाडि बढ्न चाहिरहेका छन्। विरक्त लाग्दो स्वदेशप्रति घृणा जगाउँदै बिदेसिनुपर्ने बाध्यतालाई शीघ्रातिशीघ्र तोड्दै स्वदेशमै रोजगारीका अवसर, शिक्षा आर्जनको मौका र आम्दानी गर्न सक्ने परिवेश निर्माण होस् भन्ने प्रत्येक नेपालीको अभिलाषा छ। समकालीन विश्व परिवेशमा सिर्जित विज्ञान-प्रविधिको विकासले ल्याएको अभूतपूर्व क्रान्तिका प्रतिफल नेपाली समाजले पनि समतामूलक ढङ्गले उपयोग र उपभोग गर्ने सुअवसर प्राप्त गरी विश्व समुदायबिच प्रतिस्पर्धि जीवन जिउने हुटहुटी र तीव्र अभिलाषा व्यग्र-तीर्खा प्यासित छन् नेपाली जनहरू। यो नै आजको प्रभुत्वशाली युगचेतानको विशेषता नेपालीको रहेको छ।

### भावी युगचेतना

आउने नेपाली युग चेतना भनेको आर्थिक क्रान्ति तथा रूपान्तरण नै हो। विगतमा विविध प्रकारका राजनीति तथा सामाजिक क्रान्तिद्वारा खारिएका नेपाली जनताको अबको रूपान्तरणको अभिलाषा भनेको आर्थिक रूपमा देखिने र मापन गर्नयोग्य नतिजाको प्राप्ति नै हो। स्वदेशभित्रै काम र रोजगारी सिर्जना भई आम्दानीका अनगन्ती बाटा खुल्न सकून्-यो सबै नेपालीको मार्मिक चाहना रहेको छ, रहने छ। शैक्षिक, आर्थिक, सामाजिक, सांस्कृतिक सबैका पूर्वाधार सबलीकृत हुन सकून्। सामर्थ्यवान् र स्वचालित प्रणालीले अविराम परिचालित गतिविधिद्वारा इच्छित नजिता सिर्जना गर्न सकून्। आर्थिक स्वायित्व सुनिश्चित भएर जाओस्। नेपालीको आर्थिक युगचेत यिनै पृष्ठभूमि वरपर निर्माण भएर जाने छन्।

नेपालीको दोस्रो युगचेतना भनेको दीर्घकालीन विकासमा ध्यान केन्द्रित हुने रहेको छ। आर्थिक स्थायित्व प्राप्त गर्दै निश्चित अवधिभित्र विकासका तोकिएका गन्तव्य छिचोल्दै एउटा खास अवधि पारपश्चात् उच्च आम्दानी भएको मुलुक र मुलुकवासी रहेको नेपाल देख्ने तथा विश्वमा चिनियोस् भन्ने इच्छा र अभिलाषा प्रत्येक नेपाली नागरिकको छ। यो नेपालीको गौरवशाली युग चेतना हो।

नेपाली युगचेतको अर्को महत्वपूर्ण आयामको चर्चा गर्दा मेरिटोक्रेसी तथा कानुनी शासनको प्रत्याभूति हो। कानुनको सबलीकरण र सुदृढीकरणद्वारा समाजका यावत् क्षेत्रमा देखिएको राजनीतिक हस्तक्षेपलाई निस्तेज पार्ने नेपालीको चाहना हो। उपयुक्त ठाउँमा उपयुक्त योग्य व्यक्तिको चयन र जिम्मेवारी प्रदान गरेर नतिजाद्वारा मात्र व्यक्ति मूल्याङ्कन गर्ने परिपाटी बनाउने नेपाली हुटहुटी छ। शासकीय प्रबन्धका हरेक नाका र कुनामा व्याप्त भ्रष्टाचार, बेथिति र विचलनको शून्य सहनशीलता वा न्यून तहमा रहेको अवस्था नेपालीको चाहाना बनेको छ। यो चाहानाको प्यासले तिर्खाएर नेपालीको घाँटी सुकेको लामो अवधि व्यतीत भइसकेको पनि छ। यो युगचेनताको लहरमा व्यग्र रूपमा पर्खिएर नेपाली प्रतीक्षारत छन्।

नेपाली युगचेतनाको भावी पक्षमा विचार गर्दा दिगो विकास तथा समावेशिता अभिवृद्धिसमेत गहिरो रूपमा नेपाली मनमा बसेको देखिन्छ। हाम्रा विकासका प्रयत्नले क्षणिक लाभ र सुविधा दिने मात्र होइन कि यस्तो विकासले लामो कालखण्डसम्म समेत सेवा र सुविधा प्रवाह गरोस् भन्ने नेपालीको दृढ चाहना छ। नेपालीले अवलम्बन गरेको विकास रणनीतिको कार्यान्वयन भावी पुस्ताका आवश्यकतालाई कत्ति पनि सीमित नतुल्याउने गरी हुन सकोस् भन्ने नेपाली अभिलाषा बनेको छ। फेरि यो विकासले समाजमा रहेका सबै क्षेत्र, वर्ग, धर्म, लिङ्ग, जातजाति, जनजाति समुदाय, भूगोल सबैलाई समेट्न गरी समावेशी चरित्र बोकोस् भन्ने नेपाली युगचेतको विकास प्रबल बनिरहेको छ। यिनै नेपाली युगचेतको पृष्ठभूमिमा नेपालको वर्तमान संविधान निर्मित भएर क्रियाशील पनि छ।

नेपाली युगचेतनाको भावी स्वरूपमा राष्ट्रियताको सुदृढीकरण र राष्ट्रिय पहिचानको अभिवृद्धि पनि अर्को पाटो हो। स्वदेशका बहुधार्मिक, बहुभाषिक, बहुजाति, जनजाति, भौगोलिक विविधता जस्ता यावत् पक्षको समान विकासद्वारा विश्व रङ्गमञ्चमा नेपाली शीर उचो रहने गरी नेपाल मुलुक चिरपरिचित बन्नु पर्छ भन्ने अर्को भावी युगचेत नेपालीजनमा बीजारोपण भएर मौलाउँदै र हुर्किंदै छ।

### कार्यान्वयन शैली

राजनीतिक वैधताको सुदृढीकरण र शासनमा सबलीकरण- नेपाली युगचेतनाबमोजिम समाजको लोकतान्त्रिकीकरण गर्नु पहिलो सर्त हो। लोकतान्त्रिक आचरण, व्यवहार र शैली नेपाली जीवनशैली, जीवनचर्या बन्न सक्नु पर्छ। आवधिक निर्वाचनको स्वच्छता, भयरहितता र स्वस्थ्यता, मौलिक हकको प्रत्याभूति, संवैधानिक प्रावधानको बिनारोकटोक कार्यान्वयन, कानुनी शासनको प्रत्याभूति, मानव अधिकार, प्रेस स्वतन्त्रता लोकतान्त्रिक शासन व्यवस्थाका चरित्र र आभूषण हुन्। यी पक्षमा कहीँ कतैबाट प्रश्न आउनु हुन्न। राजनीतिक हस्तक्षेपबिनाको योग्यता, दक्षता, निर्भयता, तटस्थता र पारदर्शी सार्वजनिक प्रशासन नेपाली युगचेतनाको लक्ष्य हासिल गर्ने पहिलो सोपान हो। सार्वजनिक क्षेत्रका यावत् पक्षमा सबलीकृत उत्तरदायित्वको विकास गरेर लैजानु खाँचो भइसकेको छ।

आर्थिक क्रान्तिको अभियान-नेपालमा विगतमा राजनीतिक स्वरूपमा धेरै परिवर्तन भएर व्यवस्था पटक पटक फेरिए। यी सबै राजनीतिक फेरबदलले जनताको जीवनमा देखिने गरी, छाम्न हुने गरी र सन्तोष लिन हुने गरी आर्थिक रूपान्तरण ल्याउन सकेन। अब रूपान्तरणको खाका अर्थतन्त्रमा देखिनु पऱ्यो। वार्षिक आर्थिक वृद्धिदर न्यूनतम ८ प्रतिशत हुने गरी योजना तर्जुमा र कार्यान्वयन हुनु आवश्यक छ। यो युगचेतना नेपाली मनमा रहेको धेरै भइसक्यो। आर्थिक नतिजाले नेपालीजनको समग्र आयाममा रिप्पल इफेक्ट ल्याउने गरी विकास योजना तर्जुमा हुनु पऱ्यो। लगानी प्रवर्धन, कृषि तथा पर्यापर्यटन क्षेत्रलाई अत्याधुनिकरण तुल्याउने गरी नीति तथा योजना तर्जुमा र तिनको प्रभावकारी कार्यान्वयन टड्कारो देखिन्छ। नेपालको जलऊर्जाको विकास, प्रवर्धन र उन्नति एवं हरित अर्थतन्त्र निर्माणको व्यापक अभियान आजको तथा भावी नेपाली युगचेतनाको प्राथमिक पक्ष बनिसकेको छ। वातावरण संरक्षण पनि नेपाली युगचेतनाको कार्यान्वयनको अर्को महत्वपूर्ण पक्ष हो।

समावेशी विकास एवं मानव पुँजी निर्माणमा सुदृढीकरण-आर्थिक तथा विकासका प्रतिफल समान रूपमा वितरण हुने परिपाटीको स्थापना नेपालको सन्तुलित विकासमा पहिलो खुड्किलो हो। समाजका सबै तह र तप्काका व्यक्तिलाई हाम्रा विकास प्रतिफलले छुनै पर्छ, प्रभावित तुल्याउनै पर्छ र तिनीहरूको जीवनमा सुखद परिवर्तन आउन पर्छ। सन्तुलित र समावेशी विकास नेपालका नीति र योजना तर्जुमाका आत्मा बन्नु पर्छ। नेपाली समुदायको शान्ति, स्थायित्व र स्थिरता यसमा निर्भर रहन्छ। आर्थिक असमानताको खाडल जति धेरै फराकिलो हुन्छ सामाजिक द्वन्द्व र अस्थिरता सोहीबमोजिम बढेर जान्छ। विकासका मूल प्रवाहमा कोही पनि नछुटोस्, कसैले पनि विकासमा एकलकाटे भएको महसुस गर्नु नपरोस् आजको नेपाली युगचेतनाले यसै भनिरहेको छ। व्यक्तिको सर्वाङ्गिण विकासमा उसको ज्ञान, सिप, क्षमता र समक्षताले प्रभाव पार्ने हुँदा यी चारै पक्षको सर्वोतोमुखी उन्नयन गरेर मानवपुँजी निर्माण हुने ढङ्गले हाम्रा नीति र योजनाको तर्जुमा तथा कार्यान्वयन हुनु पर्छ।

रणनीतिक भूराजनीतिक अवस्थिति-नेपालको अवस्थिति विश्वका सबैभन्दा बढी जनसंख्या भएका (प्रथम भारत, दोस्रो चीन) र विश्व अर्थतन्त्रमा दोस्रो (चीन) र चौथो (भारत) रहेका मुलुकको बिचमा छ। हाम्रो उपस्थिति भूराजनीतिक हिसाबले रणनीतिक छ। नेपालले अवलम्बन गर्ने सन्तुलित परराष्ट्र नीतिले कतिपय अवस्थामा ठुला मुलुकको बिचमा उनीहरूको सम्बन्ध सेतुलाई मजबुत तुल्याउने काम गर्छ। नेपाल असंलग्न परराष्ट्र नीतिको पक्ष राष्ट्र भएकाले हामीले कसैप्रतिको पक्षधरता नलिई विश्व शान्ति, स्थायित्व र स्थिरतालाई बढावा दिने गरी आफ्नो परराष्ट्र नीति अवलम्बन गर्नु पर्छ। हाम्रो हित यसैमा निर्भर छ।

यिनै नेपाली युगचेतानाको उल्लेखित स्वरूपका कार्यान्वयन कार्यशैलीको प्रभावकारी रूपमा अवलम्बन र कार्यान्वयन हुन सकेमा हामी नेपालीका आगामी सयम सुखद, आनन्ददायी र विश्व प्रेरणदायी हुने दिशामा अग्रसर हुने अपेक्षा राख्न सकिन्छ।

# राष्ट्रियताको बहसमा कांग्रेस पैरवी



• डा. शोभाकर पराजुली

नेपालमा राष्ट्रियता सधैं भावनात्मक शब्दावलीमा उच्चारित हुँदै आएको छ। कहिले सीमा, कहिले सार्वभौमसत्ता, कहिले विदेशी हस्तक्षेप, त कहिले पहिचान–राष्ट्रियता राजनीतिक बहसको केन्द्रमा रहँदै आएको छ। विडम्बना के छ भने राष्ट्रियता जति धेरै बोलिन्छ, त्यति नै कम गहिरो छलफल हुन्छ। यही परिवेशमा प्रश्न उठ्छ, नेपालमा राष्ट्रियताको बहस किन यति सतही बन्दै गएको छ ? र यस बहसमा नेपाली कांग्रेसको ऐतिहासिक भूमिका, वर्तमान अवस्था र भविष्यको जिम्मेवारी के हो ?

राष्ट्रियता कुनै ढुंगामा कुँदिएको स्थिर सिद्धान्त होइन। यो समय, सन्दर्भ र जनचेतनासँगै पुनर्परिभाषित हुने जीवन्त अवधारणा हो। २००७ सालको आन्दोलनको राष्ट्रियता र २०७२ सालको संविधानपछिको राष्ट्रियता एउटै हुन सक्दैन। तर हाम्रो राजनीतिक विमर्शमा राष्ट्रियतालाई अझै पनि 'विदेश विरोधी नारा' वा 'सीमामा चर्को बोली'मा सीमित गरिँदैछ। वास्तविक राष्ट्रियता भनेको जनताको स्वाभिमान, राज्यको संस्थागत क्षमता, लोकतान्त्रिक स्थायित्व र समावेशी विकासको सामूहिक योगफल हो। कमजोर संस्था, भ्रष्ट शासन र विभाजित समाजमा राष्ट्रियताको नारा केवल भावनात्मक औजार बन्छ र यो खतरनाक पनि हुन्छ।

नेपाली कांग्रेसको जन्म नै राष्ट्रियता र लोकतन्त्रको संयुक्त चेतनाबाट भएको हो। राणा शासनविरुद्धको संघर्ष केवल सत्तान्तरणका लागि थिएन, त्यो नेपाली जनताको आत्मसम्मान, नागरिक स्वतन्त्रता र स्वाधीन अस्तित्वको लडाइँ थियो।

बीपी कोइरालाले प्रतिपादन गरेको 'राष्ट्रियता भनेको जनताको स्वतन्त्रता हो' भन्ने दर्शन आज पनि गहिरो सान्दर्भिक छ। कांग्रेसको राष्ट्रियता बुझाइ सधैं खुला, आत्मविश्वासी र अन्तरनिर्भर विश्वसँग संवादमुखी रह्यो। न त आत्मसमर्पणवादी, न त अन्धराष्ट्रवादी। यही सन्तुलन नै कांग्रेसको मौलिकता थियो।

आजको नेपालमा राष्ट्रियताको बहस गम्भीर चिन्तनभन्दा पनि राजनीतिक प्रतिस्पर्धाको अस्त्र बनेको छ। को बढी 'राष्ट्रवादी' देखिने ? को बढी 'विदेशी विरोधी' बोल्ने ? को बढी 'सीमा र सुरक्षाको रक्षक' बन्ने ? यस प्रतिस्पर्धाले राष्ट्रियतालाई नीति होइन, नारामा झारिदिएको छ। यस सन्दर्भमा कांग्रेस केही हदसम्म रक्षात्मक देखिन्छ। उसले ऐतिहासिक राष्ट्रियता दर्शनलाई आत्मविश्वासका साथ पुनः प्रस्तुत गर्न सकेको छैन। कहिले गठबन्धनको दबाब, कहिले सत्ताको अंकगणित, त कहिले गलत आरोपको भय–कांग्रेस राष्ट्रियताको बहसमा स्पष्ट वैचारिक अग्रसरता लिन हिच्किचाएको देखिन्छ।

राष्ट्रियता बहसको एक प्रमुख आयाम सीमा र कूटनीति हो। सीमा समस्या समाधान नारा वा उत्तेजनाबाट होइन, तथ्य, संवाद र संस्थागत क्षमताबाट हुन्छ। कांग्रेस पार्टीको परम्परा यही हो, संवादबाट समाधान, कूटनीतिबाट सम्मान। तर आज जब कूटनीतिलाई कमजोरी र शान्त भाषालाई कायरता ठान्ने प्रवृत्ति बढ्दैछ, कांग्रेसले यो भ्रम चिर्नुपर्छ। राष्ट्रियता भनेको चर्को बोली होइन, स्थिर नीति हो। छिमेकीसँग सन्तुलित



सम्बन्ध राख्नु आत्मसमर्पण होइन, विवेक हो। राष्ट्रियता केवल बाह्य सम्बन्धको विषय होइन।

देशभित्रै नागरिकले न्याय, समान अवसर र सम्मान नपाए राष्ट्रियता कमजोर हुन्छ। मधेस, पहाड, हिमाल, भाषा, संस्कृति, पहिचान- यी सबैलाई समेट्ने समावेशी राष्ट्रियता बिना राज्य बलियो हुँदैन।

कांग्रेसले ऐतिहासिक रूपमा समावेशी लोकतन्त्रको वकालत गरेको भए पनि व्यवहारमा अझै धेरै सुधार आवश्यक छ। राष्ट्रियता तबमात्रै विश्वसनीय हुन्छ, जब राज्य सबै नागरिकको साझा घर बनेको अनुभूति हुन्छ। आज नेपाललाई चाहिएको राष्ट्रियता चर्को होइन, चित्त बुझाउने होस् भावनात्मक होइन, विवेकशील होस् बहिष्करणकारी होइन, समावेशी हो। यो पार्टी यदि फेरि राष्ट्रिय राजनीतिको नैतिक केन्द्र बन्न चाहन्छ भने उसले राष्ट्रियताको बहसलाई पुनः नेतृत्व गर्नुपर्छ, स्पष्ट, निर्भीक र वैचारिक रूपमा।

कांग्रेसले भन्न सक्नुपर्छ, राष्ट्रियता भनेको लोकतन्त्र कमजोर पार्नु होइन। राष्ट्रियता भनेको असहमति दबाउनु होइन। राष्ट्रियता भनेको विदेशी घृणा होइन। राष्ट्रियता भनेको आफ्नै जनतालाई बलियो बनाउनु हो। आजको नेपालमा राष्ट्रियता सबैले बोल्ने शब्द बनेको छ, तर सबैले जोगाउने मूल्य बनेको छैन। यही खाडल नै सबैभन्दा ठूलो खतरा हो। कांग्रेसको ऐतिहासिक जिम्मेवारी यही हो, राष्ट्रियतालाई नाराबाट निकालेर नीतिमा, भावनाबाट निकालेर विवेकमा र प्रतिस्पर्धाबाट निकालेर साझा सहमतिमा रूपान्तरण गर्ने।

यदि कांग्रेसले वैचारिक आत्मविश्वास पुनः प्राप्त गर्न सकेन भने राष्ट्रियताको बहस अरूले कब्जा गर्नेछ। र, त्यो बहस देशका लागि हितकर नहुन पनि सक्छ। राष्ट्रियता बचाउने हो भने पहिले त्यसलाई बुझ्नुपर्छ। र, बुझाउने जिम्मेवारी इतिहासले फेरि एकपटक कांग्रेसकै काँधमा राखेको छ। र यसका लागि एक बलियो काँध नेता डा. शेखर कोइरालाको नेतृत्व हुन सक्छ।

समकालीन नेपाली नेताहरूमध्ये वैश्विक कूटनीति बुझ्ने उहाँ शीर्ष हुन्। उनको विशेषगरी चीन र भारतका राजनीतिक व्यक्ति र संस्थाहरूसँग समीपको सम्बन्ध छ र उनीले नै मैत्री सम्बन्धलाई सन्तुलित स्तर राख्न निपुणता प्रदर्शन गर्न सक्छन्। बीपीको सोचाइको विरासतलाई निरन्तरता दिने खुबी र सामर्थ्यको प्रयोग देख्न यो पार्टी प्रतीक्षारत छ।

राष्ट्रियता तबमात्रै विश्वसनीय हुन्छ, जब राज्य सबै नागरिकको साझा घर बनेको अनुभूति हुन्छ। आज नेपाललाई चाहिएको राष्ट्रियता चर्को होइन, चित्ता बुझाउने होस् भावनात्मक होइन, विवेकशील होस् बहिष्करणकारी होइन, समावेशी हो।

# निक्षेप बढ्दा कर्जाको ब्याजदर घट्यो

काठमाडौं । पछिल्लो समय निक्षेप बढ्दा कर्जाको ब्याजदर घट्दै गएको छ। अर्थमन्त्रालयले सार्वजनिक गरेको विवरणअनुसार पछिल्लो समय बैंक तथा वित्तीय क्षेत्रमा रहेको निक्षेप बढेको छ भने निक्षेप र कर्जाको ब्याजदर घटेको छ। चालु आ.व.को कात्तिकसम्मको अवधिमा निजी क्षेत्रतर्फको कर्जा प्रवाह बढेको छ। २०८२ असार मसान्तको तुलनामा बैंक तथा वित्तीय संस्थामा रहेको निक्षेप, २०८२ कात्तिक मसान्तमा ३ दशमलव १ प्रतिशतले बढेर ७४ खर्ब ८६ अर्ब २५ करोड पुगेको छ। २०८१ को सोही अवधिमा यस्तो निक्षेप २ दशमलव ३ प्रतिशतले बढेको थियो। वार्षिक बिन्दुगत आधारमा २०८२ कात्तिक मसान्तमा बैंक तथा वित्तीय संस्थामा रहेको निक्षेप १३ दशमलव ४ प्रतिशतले वृद्धि भएको छ। २०८२ कात्तिक मसान्तमा बैंक तथा वित्तीय संस्थाबाट निजी क्षेत्रतर्फ प्रवाहित कर्जा २०८२ असार मसान्तको तुलनामा १.२ प्रतिशतले बढेर ५५ खर्ब ६२ अर्ब ७५ करोड पुगेको छ। २०८१ को सोही अवधिमा यस्तो कर्जा २०८१ असार मसान्तको तुलनामा २ दशमलव ५ प्रतिशतले वृद्धि भएको थियो। वार्षिक बिन्दुगत आधारमा २०८२ कात्तिक मसान्तमा बैंक तथा वित्तीय संस्थाबाट निजी क्षेत्रतर्फ प्रवाहित कर्जा ६ दशमलव ९ प्रतिशतले बढेको छ। कात्तिक मसान्त सम्मको अवधिमा भएको कर्जा प्रवाहमध्ये उपभोगमा आधारित ऋणको हिस्सा सबैभन्दा बढी २० दशमलव ८ प्रतिशत रहेको छ भने सबैभन्दा कम ऋण प्रवाह स्थानीय तहमा भएको छ।

२०८१ कात्तिकमा वाणिज्य बैंकको निक्षेप तथा कर्जाको भारित औसत ब्याजदर क्रमशः ५ दशमलव १ प्रतिशत र ९ दशमलव ७ प्रतिशत रहेकोमा २०८२ कात्तिकमा क्रमशः ३ दशमलव ७४ प्रतिशत र ७ दशमलव ३८ प्रतिशतमा झरेको छ।
२०८२ कात्तिक मसान्तमा २० वाणिज्य बैंक, १७ विकास बैंक, १७ वित्त कम्पनी, ५२ लघुवित्त वित्तीय संस्था र १ पूर्वाधार विकास बैंक गरी कुल १०७ बैंक तथा वित्तीय संस्थाहरु सञ्चालनमा रहेका छन्। सबै स्थानीय तहहरुमा वाणिज्य बैंकका शाखा पुगेको छ। बैंक तथा वित्तीय संस्थाको शाखा संख्या २०८१ कात्तिक मसान्तमा ११ हजार ५ सय ४२ रहेकोमा २०८२ को सोहि अवधिमा ११ हजार ५ सय १६ रहेको छ। यस अवधिमा एटिएम बुथको संख्या भने ४४ ले थप भई ५ हजार २६८ पुगेको छ। बैंक तथा वित्तीय संस्थाको निष्कृय कर्जा बढेको छ भने विपन्न क्षेत्र कर्जा घटेको छ। २०८१ कात्तिकमा कुल कर्जाको ४ दशमलव ४२ प्रतिशत रहेको निष्कृय कर्जा २०८२ कात्तिकमा ५ दशमलव २६ प्रतिशत पुगेको छ।

त्यसैगरी, २०८१ कात्तिकमा विपन्न क्षेत्र कर्जा कुल कर्जा लगानीको ६.१७ प्रतिशत रहेकोमा २०८२ कात्तिकमा ५.३६ प्रतिशत रहेको छ।

# चलचित्र ‘बिगुल’ आगामी माघ ९ गतेदेखि

झापा । जेनजी आन्दोलनप्रति समर्पित नेपाली चलचित्र ‘बिगुल’ आगामी माघ ९ गतेदेखि देशव्यापी प्रदर्शनमा आउने भएको छ ।

जे विषयमा केन्द्रित भएर कथा लेखिएको थियो, पछि त्यही मागसहित जेनजी पुस्ता सडकमा उत्रिनु अचम्मको संयोग हो - उनले पत्रकार सम्मेलनमा भने ।



चलचित्र निर्माण टिमले विहीवार बिर्तामोडमा पत्रकार सम्मेलन आयोजना गरी चलचित्रको विषयवस्तु, निर्माण प्रक्रिया र प्रदर्शन मितिबारे जानकारी दिएको हो ।
बिर्तामोडस्थित उद्योग वाणिज्य संघको सभाहलमा आयोजित कार्यक्रममा वीरता जेसीज, वीरता लेडी जेसीजसहित जेसीजका राष्ट्रिय तथा स्थानीय शाखाका पदाधिकारीको उपस्थिति रहेको थियो । सो अवसरमा चलचित्रको फर्स्टलुक पोस्टर र ट्रेलर पनि सार्वजनिक गरिएको छ ।
चितवनका दिनेश कोइरालाको कथा तथा निर्माणमा बनेको ‘बिगुल’को निर्देशन रमेश कोइरालाले गरेका हुन् भने कल्पना पौडेल प्रस्तुतकर्ता रहेकी छन् ।
निर्माता तथा लेखक कोइरालाका अनुसार चलचित्रमा उठाइएका विषयवस्तुहरू गत भदौमा जेनजी युवाले गरेको देशव्यापी आन्दोलनसँग उल्लेख्य रूपमा मेल खान्छन् ।

‘बिगुल’मा उठाइएका मूल मुद्दा—देश विकास, परिवर्तनप्रतिको जनचाहना र न्यायका सवाल—जेनजी आन्दोलनका मागसँग ठ्याक्कै मेल खाने उनको भनाइ छ । यही कारण चलचित्रलाई जेन्जी आन्दोलनप्रति समर्पित गरिएको उनले स्पष्ट पारे ।चलचित्रले युवा र महिलामा चेतना जागृत गर्दै भ्रष्टाचार र विकृति उन्मूलनका लागि परिवर्तनको बिगुल फुक्ने प्रयास गरेको निर्माण पक्षको दाबी छ । निर्देशक रमेश कोइरालाका अनुसार पारिवारिक पृष्ठभूमि, सामाजिक न्याय र राजनीतिक सचेतनाबाट जन्मिएको नयाँ मार्ग, भुइँमान्छेहरूको सपना, संघर्ष र बलिदानीको इतिहासलाई ‘बिगुल’मार्फत पर्दामा उतार्ने प्रयास गरिएको छ । स्वस्थ मनोरञ्जनसँगै सामाजिक परिवर्तनका लागि आवाज बुलन्द गर्ने उद्देश्य चलचित्रले बोकेको उनको भनाइ छ ।
म्याग्नोलिया ग्रुपको ब्यानरमा निर्माण भएको ‘बिगुल’मा बेनिशा हमाल, नरेन खड्का, रमेश बुढाथोकी, नीर शाह, सरोज खनाल, हेमन्त बुढाथोकी, शिशिर वाङ्देल, विनोद न्यौपाने, जेएन घिमिरे, गीता अधिकारी, मीरा पण्डित, मानश्री शर्मालगायतका कलाकारको अभिनय रहेको छ ।
चलचित्रको पटकथा तथा संवाद प्रदीप भारद्वाज र मौनता श्रेष्ठले लेखेका हुन् । शिव ढकालको छायाङ्कन, कमल राई र कविराज गहतराजको नृत्य निर्देशन, एनबी महर्जनको द्वन्द्व निर्देशन, विश्वप्रकाश शर्मा, अर्जुन पोखरेल र मनोज चौलागाईंको संगीत तथा तारा थापा क्षिम्भेको सम्पादन रहेको छ । सूर्यकान्त कोइराला र महेश कोइराला सहनिर्माता रहेका छन् ।
तीन मिनेट पाँच सेकेन्ड लामो सार्वजनिक ट्रेलरमा राजनीति, परिवर्तन र न्यायका लागि उठेको आवाजलाई सशक्त ढंगले प्रस्तुत गरिएको छ। ‘बिगुल’ काठमाडौं उपत्यकाभित्र काफिया फिल्म्स र उपत्यकाबाहिर श्री ब्याङ्केट्स इन्टरटेन्मेन्टले वितरण गर्नेछन् ।
बिर्तामोडमा आयोजित कार्यक्रममा नेपाल जेसीजका पूर्व अध्यक्ष फूलकुमार लालवानी, सिङ्गापुर वेवरेजका सञ्चालक रमेश शर्मा, नेपाल जेसीजका पूर्व राष्ट्रिय उपाध्यक्ष राजेन्द्र चम्लागाई, वर्तमान राष्ट्रिय उपाध्यक्ष मिनु ओली, वीरता जेसीजका अध्यक्ष युवराज कुँवर, वीरता लेडी जेसीजकी अध्यक्ष निशा शाक्यलगायतको उपस्थिति रहेको थियो ।

# सञ्जय दत्त काठमाण्डौमा



झापा , पुष २४ । बलिउडका चर्चित अभिनेता सञ्जय दत्त काठमाडौंमा आइपुगेका छन् । उनी बिहीवार बेलुकी काठमाडौं आइपुगेका छन् ।प्रभास अभिनित तेलुगु हरर-कमेडी फिल्म ‘द राजा साब’ मा सञ्जय दत्तको भूमिकालाई लिएर चर्चा सुरु भइरहेको बेला उनी नेपाल आइपुगेका हुन् ।

यो फिल्मको टिजरमा उनी दुई फरक अवतारमा प्रस्तुत भएका छन् । ‘केजिएफ २’ मा उनको अभिनयपछि साउथ फिल्ममा सञ्जयको माग बढेको थियो ।
आफ्नो समयका प्रसिद्ध अभिनेता-अभिनेत्री सुनिल दत्त र नरगिसका छोरा संजय बलिउडमा स्टाइलिस हिरो मानिन्छन् । १९९३ को बम्बै बिस्फोटका बेला गैरकानुनी रुपमा एके ४७ आफ्नो साथमा राखेको आरोपमा उनलाई जेल सजाय सुनाइएको थियो ।
४२ महिनाको काराबास सजाय पूरा गरी उनी मुक्त भएका थिए ।
केही वर्षअघिमात्रै उनी क्यान्सरसँग जुध्न पुगेका थिए । २०७७ को पुषतिर उनले क्यान्सरसँगको लडाईंमा आफू विजयी भएको खबर सार्वजनिक गरेका थिए ।

# डाक्टर बनेरै छाडे सत्यनारायण

झापा । सिरहाको बरियारपट्टी गाउँपालिका-२ का २१ वर्षीय सत्यनारायण साफीकी आमा सुनितालाई अचानक ब्रेनको समस्या देखियो। ज्याला मजदुरीबाट जीविकोपार्जन गर्दै आएका उनको परिवारमा आमा विरामी भएपछि झन् बज्रपात आइलाग्यो। अनि त्यो परिवारको दिनचर्या नै बदलियो। उनी आमालाई लिएर उपचारका लागि कहिले जयनगर, कहिले लहान त कहिले विराटनगर पुग्न थाले, जति बेला उनी कक्षा ९ पढ्दै थिए।
झोला बोकेर विद्यालय जानुपर्ने समयमा उनी हातमा रिपोर्ट बोकेर अस्पताल धाइरहनुपर्ने अवस्था आयो। सुनितालाई टाउकोमा कीरा हिडेको जस्तो लागिरहन्थ्यो। यही समस्या लिएर सत्यनारायण आमाको उपचारमा अस्पताल धाइरहन्थे तर रोग पहिचान हुन्थेन।
‘डक्टरहरू सिटीस्क्यान गर्दा केही देखिएको छैन भन्थे तर मेरी आमा जहिले रुँदै गाह्रो भयो मात्रै भन्नुहुन्थ्यो’, सत्यनारायण भन्छन्।
सुनिताका ६ सन्तानमध्ये सत्यनारायण जेठा हुन्। उनका श्रीमान मधुरी रोजगारीका निम्ति विदेश थिए। त्यसैले उनको सबै आडभर सत्यनारायणमाथि थियो। जुन अस्पतालको गेटबाट फर्किँदा पनि निराशा भाव झल्किने सत्यनारायणको जिन्दगीमा विराटनगरस्थित नोबेल शिक्षण अस्पतालले लक्ष्य निर्धारण गरिदियो।
आमाको उपचारका लागि विराटनगर अस्पताल पुगेका उनको अन्य अस्पतालमा जस्तै अवस्था उही नै थियो। डाक्टरले सिटीस्क्यानको रिपोर्ट हेर्थे केही भएको छैन भन्थे । त्यहाँ पनि त्यही भयो।
‘हातमा डाक्टरले सिटीस्क्यानको रिपोर्ट दिनुभयो अनि भन्नुभयो कि केही भएको छैन, रिपोर्ट सबै ठिकै छ’, सत्यनारायण सम्झन्छन्।जुन अस्पताल जाँदा पनि डाक्टरबाट यही सुन्दै आएका उनी थकित भइसकेका थिए। साफी भन्छन्, ‘डाक्टरले रोग पत्ता लगाउन नसकेको र आमा पीडाले छट्पटिएको देखेर म निराश भएँ अनि मलाई त्यतिबेला मनैदेखि आयो कि म ब्रेनको डाक्टर नै बन्छु।’ जुन अहिले पूरा भयो।
सिरहाको बरियारपट्टी गाउँपालिका वडानम्बर २ का २१ वर्षीय सत्यनारायण साफी उनै हुन् जसको अहिले सामाजिक सञ्जालमा चर्चा भइरहेको छ। ज्यालामजदुरी गरेर पढ्दै आएका उनको एमबीबीएस पढाइका निम्ति पूर्ण छात्रवृत्तिमा नाम निकालेकामा धेरैले उनको मेहनतको प्रशंसा गरिरहेका छन्। जुन समयमा सत्यनारायणले डाक्टर भन्ने सपना देखे, उनलाई केही थाहा थिएन, थियो त केबल डाक्टर बन्ने सपना। ‘जुनवेला मैले डाक्टर बन्छु भन्ने सोचें, त्यतिवेला कसरी डाक्टर बन्न सकिन्छ भन्ने पनि थाहा थिएन,’सत्यनारायणले भने, ‘जे होस् डाक्टर बन्ने सपना चाहिँ देखिरहें।’ कक्षा ८ सम्म पढ्दै गर्दा उनको पढाइ ठिकै थियो। तर जब डाक्टर बन्न राम्रो अंक ल्याउनुपर्छ र धेरै मेहनत गरेर पढ्नुपर्छ भन्ने कुरा सत्यनारायणले थाहा पाए, त्यसपछि भने उनले आफ्नो दैनिकी नै परिवर्तन गरे।

पहिलेभन्दा थप मेहनत गर्न थाले। गाउँकै जनता माध्यमिक (प्राविधिक धार) विद्यालयबाट २०७७ सालमा एसईई दिएका उनले ३.९५ जिपिए ल्याए । डाक्टर बन्ने सपनालाई पछ्याउँदै अगाडि बढेका सत्यनारायण विराटनगरको अरनिको स्कुल भर्ना भए र विज्ञान विषयमा प्लस-टु पढ्न थाले। परिवारमा सबै ठिकै चल्दै थियो। विदेशमा रहेका बाबु मधुरीले घर धानिरहेका थिए । सामान्य घर खर्च चलिरहेकै थियो।

तर जीन्दगी सधैँ एकैनासको कहाँ हुँदोरहेछ र। पाँच वर्षअघि निर्माणको काममा कतार पुगेका मधुरीलाई कम्पनीले घर फर्काइदियो। त्यतिवेला सत्यनारायण प्लस टु पढ्दै थिए। कार्यरत कम्पनी घाटामा गएपछि थुप्रै



कामदारलाई घर फर्काइदिएको मधुरीले छोरा सत्यनारायणलाई बताएका थिए। मधुरीको तलब शुरुमा २५ हजार थियो पछि बढेर ३५ हजार रुपैयाँसम्म पुगेको थियो।‘बाबु विदेशबाट फर्किएको केही दिन घर खर्च धान्न मुस्किल परेन तर भएको धेरथोर पैसा सबै सकिएपछि भने परिवारमा आर्थिक समस्या थपिँदै गयो। मधुरी मजदुरी गर्न जान थाले। विराटनगरको अरनिको स्कुलमा पढ्दै गरेका छोरा सत्यनारायणलाई मजदुरी गरेरै जसोतसो खर्च पठाउँथे। समय वित्दै गयो, त्यसको केही महिनापछि सत्यनारायणले विराटनगरको अरनिको स्कुलबाट २०७९ मा ३.२८ जिपिए ल्याएर १२ पास गरे। लगत्तै उनी घर फर्किए । अनि सत्यनारायण एमबीबीएस इन्ट्रान्सको तयारीका लागि काठमाडौँ हानिए।
काठमाडौँको ‘भाइब्रेन्ट इन्ट्रान्स तयारी कक्षा’मा भर्ना त गरे तर आर्थिक अवस्था कमजोर भएकै कारण डेढ महिना नबित्दै सत्यनारायण घर फर्किए। ‘बुबा आमाले भन्नुभयो कि, अब यति ठूलो पढाइ नपढ, घर बस, नभए विदेश जाऊ’, सत्यनारायाण सम्झन्छन्। परिवारको कुरा एक कानले सुने अर्को कानले उडाइदिए, बदलिएन उनको अठोट। विडिल्डमा काम गर्न थालेपछि गाउँका मानिसहरूले सत्यनारायणलाई आफ्नो आमाबुबा र गाउँकै नाम खराब गरेको सम्म भन्न भ्याउँथे। गाउँलेले ‘ प्लस टु पढेको विद्यार्थी मजदुरी गर्न थालेको छ। यो खत्तम भइसक्यो, पढ्न् लायक छैन’ सम्म भन्ने गरेको उनी सम्झिन्छन्। तर उनले कहिल्यै कसैलाई पनि जवाफ फर्काएनन्।
किनकी उनलाई डाक्टर बन्ने सपना जसरी पनि पूरा गर्नु थियो । आफ्नो सपना पूरा गर्न उनी बाबुसँगै मजदुरी गर्न थाले । काठमाडौँबाट फर्किएपछि बुबा मधुरीसँगै हरेक दिन बिहान ८ बजेदेखि साँझ ५ बजेसम्म मजदुरी गर्न थाले। दिनभर ईँटा, बालुवा धुने, मसला बनाउने, सिमेन्ट राख्ने सबै काम गरे। मजदुरी गरेर ६ बजे घर पुग्थे सत्यनारायण। ‘आमालाई थाहा हुन्थ्यो कि म थोकेको हुन्छु, त्यसैले ७ बजेसम्म खाना पाकिसकेको हुन्थ्यो । म खाना खाएर सुतिहाल्थेँ, १२ बजे उठ्थेँ अनि साँढे ३ बजेसम्म पढ्थेँ, दैनिक यसरी तीन वर्ष मेहनत गरेँ’, उनी सुनाउँछन्।

सत्यनारायणकी आमा सुनिता विरामी हुँदा सहकारीबाट लिएको ऋण साँढे ३ लाख रुपैयाँको महिनैपिच्छे किस्ता तिरिरहनुपर्थ्यो। उनको कामबाट महिनामा १५ हजार रुपैयाँ आउँथ्यो। त्यसमा आफूलाई ५ हजार राखेर बाँकी १० हजार किस्ता तिर्न आमालाई दिन्थे।

उनले आफूसँगै राखेको त्यो पैसाबाट चिकित्साशास्त्रअन्तर्गत स्नातक तह (एमबीबीएस)को तयारीका लागि आवश्यक पर्ने किताब किन्ने र पढ्ने गरेको बताए।
२०८१ सालमा चिकित्सा शिक्षा आयोगको परीक्षा फारम खुल्दा सत्यनारायणले काठमाडौँ आएर परीक्षा दिएका थिए तर नाम सार्वजनिक भएन। ‘बुझ्दा प्राविधिक त्रुटि भएको भनियो,’ सत्यनारायणले सुनाए, ’त्यसपछि धेरै सोधपुछ गरिनँ, निराश नभई फेरि मजदुरीसँगै पढाइमै लागिरहेँ।’
२०८२ कात्तिक १५ गते उनले दोस्रो पटक परीक्षा दिए । मंसिर २४ गते नतिजा आयो तर रिजल्ट चार दिनसम्म पनि थाहै पाएनन्। पछि सँगै परीक्षा दिएको साथीले फोन गरेर रिजल्ट आएको कुरा भनेपछि बल्ल आफूले थाहा पाएको सुनाउँछन् सत्यनारायण। त्यो क्षण जिन्दगीको सबैभन्दा खुसीको क्षण भएको उनले खुशी हुँदै बताए। आज उनको मेहनतले गाउँलेलाई जवाफ फर्काएको छ।

आमाको अवस्था अहिले सामान्य छ। औषधि खानुपर्दैन। एकातर्फ आमाको स्वास्थ्य अवस्था सुधारिएको र अर्को तर्फ सत्यनारायणले डाक्टर पढ्न पाउने भएपछि त्यो परिवारमा अहिले खुशीको सीमा छैन।
साफी परिवारमा सत्यनारायणको यति ठूलो सफलतामा पनि अझै गरिबी तगारो बन्न पुगेको छ। मंसिर २४ मा पूर्ण छात्रावृत्तिमा नाम निस्किएपछि छिमेकीसँग ८० हजार ऋण काढेर सत्यनारायणका बाबुछोरा पुस ४ मा राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान दाङमा गएर अध्ययनका लागि नाम टिपाए। जहाँ कलेजलाई धरौटीवापत ५० हजार, रजिष्ट्रेसन फि ११ हजार र स्वास्थ्य बिमामा ३५ सय बुझाए। ५ गते विहान उनीहरू बाबुछोरा घर फर्किए। घर आइपुगेको भोलिपल्टै सत्यनारायण त्यही विल्डिङमा मजदुरी गर्न थाले।
‘पढ्न जाँदाको समयमा सरसामान लैजानुपर्ने र बाटा खर्च चाहिने हुँदा पनि अलिअलि पैसा जम्मा हुन्छ भनेर काम गर्न गएको’, उनी सुनाउँछन्। पूर्ण छात्रावृत्तिमा नाम निस्किए पनि पढाइ नसकुन्जेलसम्म खान, बस्न, स्टेशनरी सामानलगायतका खर्च भने आफैँले बेहोर्नुपर्ने तर आफूसँग पैसा नहुँदा त्यो खर्चका लागि उनले सहयोग मागेका छन्।मजदुरी गरेर पूर्ण छात्रवृत्तिमा एमबीबीएसको प्रवेश परीक्षामा नाम निकालेको खबर सामाजिक सञ्जालमा छाएपछि सत्यनारायणलाई सघाउन सहयोगी हात पनि अगाडि बढेका छन्। पढाइका लागि खान-बस्नलगायत अन्य खर्चका लागि अभियन्ता आशिका तामाङदेखि अन्य सहयोगी हातहरूले साफीलाई सहयोग गरिरहेका छन्।
‘आशिका दिदीले एक लाख शुरुमा दिनुभयो, त्यसपछि सहकारीको ऋण थियो ३ लाख त्यो पनि दिनुभयो’, सत्यनारायणले सम्झिए। त्यस्तै साफीलाई व्यवसायी विकास सारडाले प्रत्येक महिना १० हजार रुपियाँ सहयोग उपलब्ध गराउने लिखित सम्झौता गरेका छन् भने अन्य व्यक्तिहरूले पनि सहयोग गरिरहेका छन्। अहिलेसम्म ६,७ लाख जति सहयोग प्राप्त भएको साफीले बताएका छन्।
थाहाखबरबाट

सुपर काईनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६९३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

मेष: भनेको कुराको विपरीत अर्थ लाग्नसक्छ । स्वास्थ्यमा गडबडी भई कामकाजमा असर
वृष: भगवानको आशीर्वादले भने काम बन्नसक्छ । लगनशीलताले विभिन्न अवसर दिलाउनेछ
मिथुन: रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ । आकस्मिक धन लाभ हुनेछ ।
कर्कट: मिहिनेत गर्दा अधिक प्रगति हुनेछ । तर अरुको भलाइका लागि दौडधुप गर्नु पर्नेछ
सिंह: दैनिक कामहरू सन्तोषजनक ढंगले सम्पन्न हुनेछन् ।
कन्या: आज सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । नयाँ वस्त्र एवं अलङ्कारको प्राप्ति
तुला: सामान हराउने वा चोरी हुने सम्भावना छ ।
वृश्चिक: दैनिकी काममा चुनौतीको सामना गर्नुपर्ला । कतिपय राम्रा अवसरहरू प्राप्त हुनेछन् ।
धनु: आज नयाँ र शुभ समाचार सुन्न पाइएला । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।
मकर: आज सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । जोशजाँगर र हिम्मत पनि
कुम्भ: कला र गलाको प्रभाव बढ्नेछ । वैदेशिक कार्य पनि अधि बढ्नेछ ।
मिन: सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । गरेका कामबाट धेरैलाई फाइदा पुग्न सक्छ